# बीउ बिजन प्रयोगशाला, खजुरा बाँके सूचनाको हक सम्वन्धी प्रतिवेदन

(२०८२ श्रावण ०१ देखी २०८३ असार मसान्त सम्म बार्षिक प्रतिवेदन)

**सूचनको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली,२०७६ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

## सूचना सार्वजनिक गर्ने निकाएको नामः बीउ बिजन प्रयोगशाला, खजुरा, बाँके

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख
२०८२/०३/२९

**तयार पार्ने**
**निरज कुमार अधिकारी**
**सूचना अधिकारी**
**प्राबिधिक अधिकृत(बाली बिकास)**
**बीउ बिजन प्रयोगशाला, खजुरा,बाँके**

**प्रमाणित गर्ने**
**दिनेश प्रसाद भट्टराई**
**नि. कार्यालय प्रमुम**
**बीउ बिजन प्रयोगशाला, खजुरा, बाँके**

## १. निकाएको स्वरुप र प्रकृतिः

लुम्बिनी प्रदेश खाद्यान्न उत्पादन र बीउ उत्पादनमा अग्रणी रहेको प्रदेश हो। मूल बीउ उत्पादन गर्ने अनुमतिपत्र लिएका, अन्य बीउ उत्पादक तथा बीउ व्यवसायीहरूको संख्या बढी रहेको छन्। खाधान्न, दलहन, तेलहन, तरकारी, पुष्प, घाँस लगायतका बालीहरूको बीउ उत्पादन जोनिङ्ग सहित जान सकिने संभावना रहेको (उच्च पहाड, मध्य पहाड तरकारी, तराई खाद्यान्न बीउ उत्पादन संभावना भएको)यस प्रदेश नेपालको मध्य– क्षेत्र, भारतको सीमना छोएको हुनाले उत्पादित गुणस्तरीयबीउ निर्यातको संभावना पनि उत्तिकै रहेको छ। बीउ बिजनको गुणस्तर नियन्त्रण र नियमन गरीगुणस्तरिय बीउ बिजनमा कृषकहरुको सहज पहुँच स्थापित गर्दै कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने उद्धेश्यका साथ विक्रम संबत् २०३५सालमा तत्कालिन कृषि केन्द्र अन्तर्गत बीउ परीक्षण प्रयोगशालाको नामबाट हालको बीउ बिजन प्रयोगशालाले आफ्नो कार्यको थालनी गरेको थियो । तत्पश्चात् आ.व. २०४९/५० मा कृषि विकास मन्त्रालयको ढाँचामा परिवर्तन भएसँगै छुट्टै अस्तित्वकोरुपमा क्षेत्रीय बीउ बिजन प्रयोगशाला, खजुरा बाँके नामाकरण भै देशको बदलिदो संरचना अनुसार क्षेत्रीय बीउ बिजन प्रयोगशाला, खजुरा नाम रहन गएको हो र नेपाल संङ्घीयतामा गई सके पश्चात् मिति २०७५/११/१२ मा यो प्रयोगशालाको नया नामाकरण गरी बीउ बिजन प्रयोगशाला भईलुम्बिनी प्रदेशसरकार अन्तरगत कृषि तथा भूमि व्यवस्थामन्त्रालयकोकृषि विकास निर्देशनालय मातहत रहेको छ। यसै सन्दर्भमा यस प्रयोगशालाले प्रदेशस्तरमा बीउ बिजन क्षेत्रको विकास गर्न बीउ बिजन नीति तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक सुझाव दिन र कृषक वर्गलाई गुणस्तरीय बीउ बिजन सहज रुपमा उपलब्ध गराई राख्न विभिन्न सरोकारवाला निकायहरुसँग अन्तर निकाय समन्वय कायम राख्दै आएको छ। साथै, बीउ बिजनको गुणस्तर नियमनका लागि यस प्रयोगशालाले बीउ बाली खेत निरीक्षण, बीउ बिजन नमूना परीक्षण, विभिन्न प्रयोगशालाबाट प्रास हुने रेफ्री तथा क्रसचेक नमूना परीक्षण, बीउ भण्डारण, बीउ प्रमाणीकरण, बीउ वजार अनुगमन निरीक्षण तथा नमूना संकलन परीक्षण मूख्य कार्यहरू रहेका छन्भनेगुणस्तरीय बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण सम्बन्धी कृषक तथा ब्यवसायीहरुलाई तालिम, बीउ बिजन गुणस्तर नियन्त्रण सम्बन्धि घुम्ती तालिम तथा बीउ बिजन प्रविधि प्रसारसँग सम्बन्धित अन्य कार्यक्रमहरु आवधिकरुपमा निरन्तर संचालन गर्दै आईरहेको छ। बाँके जिल्लाको नेपालगंज सदरमुकाम देखि करिब ५ किलोमिटर पश्चिम गुलरीया सडक खण्ड अन्तर्गत जानकी गाउँपालीका वडा नं-०४ खजुरा खुर्द्धमा रहेको यस प्रयोगशाला कृषि अनुसन्धान निर्देशनालय, कृषि ब्यवसाय सहयोग तथा तालिम केन्द्र,माटो तथा मल परीक्षण प्रयोगशाला,बाली संरक्षण प्रयोगशाला,कोशेवाली अनुसन्धान कार्यक्रम र कुखरा फार्म लगायतका कार्यालयहरु एकै स्थानमा रहेका छन् ।

**उद्धेश्यः**

- गुणस्तरयुक्त बीउ बिजनमा आम कृषकहरुको सहज पहुँच स्थापित गरी कृषिको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकरात्मक योगदानपुर्याउँदै गरिबी निवारणमा टेवा पुर्याउने ।
- बीउ बाली खेत निरीक्षण, बीउ परीक्षण एवं बीउ प्रमाणीकरण प्रक्रियाहरुको माध्यमबाट गुणस्तरयुक्त बीउको उत्पादन, प्रशोधन, लेवलिङ्ग तथा बजारीकरणलाई सुनिश्चितता प्रदान गर्दै बीउको मूल्य श्रृङ्खलाविकास गरी मूल्य श्रृङ्खलामा प्रत्यक्ष र परोक्षरुपमा आवद्ध सवै सरोकारवालाहरुको आयआर्जनमा बृद्धि गर्ने।
- बजारमा विक्री– वितरण हुने बीउ बिजनहरुको गुणस्तर नियमनका लागि बजारबाट बीउ नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र परीक्षण नतिजाका आधारमा आवश्यक कार्य गर्न नेपाल सरकार/प्रदेश सरकारका संबद्ध निकायहरुलाई जानकारी गराउने ।
- बीउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धित तालीम-गोष्ठी आयोजना गरी बीउ उत्पादनमा संलग्न कृषक-उद्यमीहरुको ज्ञान, सिप र दक्षता अभिबृद्धि गर्ने ।
- गुणस्तरयुक्त बीउ बिजन भण्डारणमा टेवा पुर्याउन बीउ भण्डारण स्थलको अनुगमन र निरीक्षण गरी बीउ भण्डारणलाई समय सापेक्ष वैज्ञानिक बनाउन प्राविधिक पृष्ठपोषणप्रदान गर्ने ।



दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

- प्रयोगशालामा दर्ता हुन आएका बीउ नमूनाहरुको परीक्षण(Analysis)गरी संबद्धलाई बीउविश्लेषण प्रतिवेदन उपलब्ध गराउने ।
- बीउ बिजन नीति, २०५६, बीउ बिजनको दिर्घकालिन सोंच (Seed Vision २०१३-२०२५),बीउ बिजन ऐन,२०४५(दोश्रो शंसोधन, २०७९) र यस ऐनसँग सम्बन्धित नियमावली, र, बीउ बिजनसँग सम्बन्धित निर्देशिका तथा कार्यविधिहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने-गराउने एवं यसको प्रभावकारी कार्यान्वयनका लागि सचेतना फैलाउने ।
- बीउ बिजन गुणस्तर नियन्त्रणका सन्दर्भमा नियमितरुपमा निरीक्षण तथा अनुगमन गरी यस क्षेत्रमा देखिएका समस्याहरुको यथोचित समाधानका लागि समयमा नै माथिल्लो निकायलाई जानकारी गराउने ।
- विभिन्न बालीका सिफारिस गरिएका जातहरुको सङ्कलन गरी जातीय परीक्षणगर्ने ।

## २. निकाएको काम, कर्तव्य र अधिकार

(१) प्रचलित कानून बमोजिम तोकिएको सेवा शुल्क लिई बीउ बिजनका नमूनाहरू परीक्षण, बीउ बाली निरीक्षण तथा बीउ बिजन प्रमाणीकरणका कार्यहरू गर्ने,

(२)केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना र विभिन्न प्रयोगशालाहरुसंग क्रसचेक नमूना परीक्षण गर्ने,

(३) बीउ भण्डारण, गोदामघर र बीउ प्रशोधन निरीक्षण गर्ने,

(४) बीउ बजार अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने,

(५) बीउ बिजन गुणस्तर नियन्त्रणसँग सम्बन्धित तालीम संञ्चालन गर्ने,

(६) बीउ उत्पादन, संकलन, प्रशोधन र बजारीकरणमा संलग्न कृषक समूह, कृषि सहकारी संस्था र बीउ बिजन कम्पनीहरुलाई सरकारले बीउ बिजनको क्षेत्रमा समय समयमा लागू/परिमार्जन गरेका ऐन, नियमावली, निर्देशिका, कार्यविधिहरुको बारेमा जानकारी गराउन स्थलगत तथा प्राविधिक तालीम-गोष्ठी संञ्चालन गर्ने,

(७) बीउ बिजन उत्पादन कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्ने,

(८) बीउ प्रमाणीकरण गरिने वा उन्मोचित बालीका जातहरुको जातीय परीक्षण संचालन गर्ने,

(९) गुणस्तरीय तथा उन्नत बीउ बिजनहरुको उत्पादन र प्रयोगका लागि प्राविधिक सेवा तथा प्रचार प्रसारका कार्यहरु गर्ने ।

**निकाएको कार्यक्षेत्रः**


लुम्बिनी प्रदेशका ६ जिल्लाहरुः- बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र रुकुम पूर्व

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण:

| क्र.स. | पद | तह/श्रेणी | स्विकृत दरवन्दी | पदपूर्ती | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मुख्य बाली बिकास अधिकृत | नवौं/दशौं | १ | १ | ० | |
| २ | बाली बिकास अधिकृत | सातौं/आठौं | २ | १ | १ | |
| ३ | प्राविधिक सहायक | पाँचौं/छैटौं | ३ | ० | ३ | |
| ४ | अधिकृत/नायव सुब्बा | पाँचौं/छैटौं | १ | ० | १ | |
| ५ | प्राविधिक सहायक | पाँचौ | ० | ० | ० | करार-१ (संघीय शशर्त अनुदान कार्यक्रम) |
| ६ | सह-लेखापाल | चौथो/पाँचौ | १ | १ | ० | |
| ७ | नायव प्राविधिक सहायक | चौथो/पाँचौ | १ | १ | ० | |
| ८ | कार्यालय सहयोगी | तह विहिन | २ | ० | २ | करार-२ |
| ९ | ह.स.चा. | तह विहिन | ० | ० | ० | करार-१ |
| जम्मा | | | ११ | ४ | ७ | |

संगठन तालिका




दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

कार्यविवरणः

**क. प्राविधिक शाखा**

परिक्षणका लागि प्राप्त बीउ विजनको रजिष्टर गरि रेकर्ड राख्ने

बीउको खडाबाली निरिक्षणको लगत राख्ने

बीउ प्रमाणिकरण कार्यका लागि नमुना संकलन भण्डारण एव प्रशोधन कक्ष निरिक्षण गर्ने

समय समयमा बीउ वजारको अनुगमन गरि प्रतिवेदन पेश गर्ने

बीउ परिक्षण कार्य गर्ने

गुणस्तरिय बीउको प्रवर्दन सम्वन्धमा विभिन्न प्रकारका तालिम तथा गोष्ठीहरु सञ्चालन गर्ने

प्रदेश स्तरमा प्रयोगहुने वालीहरुको विभिन्न स्तरका बीउ सम्वन्धि तथ्याङ्क अध्यावधिक राख्ने

प्राविधिक प्रतिवेदन तयार गर्ने

वार्षिक योजना तयार गर्ने तथा तदनुरुपका प्रगति प्रतिवेदन तयार गर्ने

**अ. बीउ नमुना परीक्षण इकाई**

बीउ नमूना दर्ता कक्ष

- बीउ दर्ता
- बीउ नमूना चेकजाँच
- बीउ नमूना स्याम्पल स्लिप राख्ने
- बीउ कार्य नमूना तयारी
- शाखामा बुझाउनको लागी रिपोर्ट कार्ड तयारी गरी पेश गर्नु पर्ने ।
- कायार्थ नमुना बुझाएको लग बुक राख्नु पर्ने ।
- गार्ड नमुनाको लग बुक राख्नु पर्ने ।
- नमुना पठाउनेको विवरणको लग बुक राख्नु पर्ने ।
- बीउ दर्ता कितावमा नमुना विश्लेषण सम्वन्धि नतिजा चढाउने कार्य गर्ने ।
- बीउ परिक्षणको विवरण तयार गर्ने ।
- नमुनाहरुको साप्ताहिक/मासिक प्रगति विवरण तयार तथा साप्ताहिक/मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन तयारीको लागी समयमै तथ्याँक उपलब्ध गराई योजना शाखामा पेश गर्ने ।
- डिभाइडर क्यालिब्रेसन
- दर्ता कक्षा सरसफाई

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

बीउ चिस्यान परीक्षण कक्ष

- ओभनबाट बीउ चिस्यान परीक्षण
- मोइस्चर मिटरबाट चिस्यान परीक्षण
- मोइस्चर मिटर क्यालिब्रेसन
- फाइप पोइन्ट चेक
- ग्राइन्डर तातोपना चेक
- कक्ष सरसफाई
- चिस्यान रजिस्टर अपडेट

बीउ शुद्धता परीक्षण कक्ष

- रजिस्टर अपडेट
- दैनिक ब्यालेन्स चेकजाँच
- ब्यालेन्स क्यालिब्रेसन
- Analysis card update and fill up
- Purity work
- Initial weight check
- Final weight check
- Percent check
- Other seed determination
- Weed seed maintain
- Weed seed collection and identification
- Seed museum maintain

बीउ उमारशक्ति कक्ष

- Seed germination test
- Seed germination test manual maintain
- Regular Seed germination chamber check up
- Daily -twice temperature/RH record
- seed treatment and putting
- seed germination analysis
- seed germination test card maintain
- register maintain
- Inform for chief about condition of equipment and seed germination chamber
- Quality testing of germination paper
- Quality testing of water

आ. बीउ नमुना संकलन इकाई

- Preparation for sampling materials
- Sampling plan preparation
- Sampling of seed for certification and other purposes
- Preparation of cross check sample
- Reporting

इ. बीउ प्रमाणीकरण इकाई

- Preparation for certification plan
- Record maintain of certified seed
- Inform to SQCC for tag

ई. प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापन इकाई

- Timely reporting and inform to chief about report
- Document maintain
- Online reporting

उ. बाली निरीक्षण इकाई

- Regular checkup prior inform record
- Preparation of field inspection plan
- Timely field inspection and reporting
- Training
- Coordination to other organizations
- Customer satisfaction survey and Timely response to seed entrepreneurs
- Record maintain

ऊ.गार्ड नमुना भण्डारण तथा व्यवस्थापन इकाई

- Timely and safely keeping of seed sample
- Maintain seed sample guard chamber
- Record keeping
- Disposal of storage and record keeping

ख. आर्थिक प्रसाशन शाखा

अ. लेखा फाँट

कार्यालयको विनियोजन राजश्व तथा धरौटीको लेखा राख्ने

मासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने

आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने

आ. प्रसाशन फाँट

- कार्यालयका कर्मचारीहरुको दैनिक प्रसाशिनक व्यवस्थापन गर्ने
- कार्यालयको जिन्सी सामाग्री व्यवस्थापन गर्ने
- कार्यालयको नियमित मासिक वैठक संचालन गर्ने
- कार्यालयमा प्राप्त एंव प्रेषण गरिएका पत्रहरुको अभिलेख राख्ने
-

४. निकायबाट प्रदान गरिने सेवाहरुः

- बीउ बिजनका नमूनाहरू परीक्षण, बीउ बाली निरीक्षण तथा बीउ बिजन प्रमाणीकरणका कार्यहरू गर्ने।
- बीउ भण्डारण, गोदामघर र बीउ प्रशोधन निरीक्षण गर्ने ।
- बीउ बजार अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने ।
- बीउ बिजन गुणस्तर नियन्त्रणसँग सम्बन्धित तालीम संञ्चालन गर्ने ।

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

- बीउ उत्पादन, संकलन, प्रशोधन र बजारीकरणमा संलग्न कृषक समूह, कृषि सहकारी संस्था र बीउ बिजन कम्पनीहरुलाई सरकारले बीउ बिजनको क्षेत्रमा समय समयमा लागू/परिमार्जन गरेका ऐन, नियमावली, निर्देशिका, कार्यविधिहरुको बारेमा जानकारी गराउन स्थलगत तथा प्राविधिक तालीम-गोष्ठी संञ्चालन गर्ने
- बीउ बिजन उत्पादन कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्ने।
- बीउ प्रमाणीकरण गरिने वा उन्मोचित बालीका जातहरुको जातीय परीक्षण संचालन गर्ने।
- गुणस्तरीय तथा उन्नत बीउ बिजनहरुको उत्पादन र प्रयोगका लागि प्राविधिक सेवा तथा प्रचार प्रसारका कार्यहरु गर्ने ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

<u>प्रयोगशालाका कार्यहरू र जिम्मेवारी</u>

१. प्रयोगशाला कार्यहरूको नियमित निरीक्षण तथा अनुगमन तथा विभिन्न निकायहरूसंगको समन्वय र सहकार्य, योजना, कार्यक्रम, नीतिगत सवालहरू सम्बन्धी कार्यहरूः **नि.कार्यालय प्रमुख दिनेश प्रसाद भट्टराई**

२. उपकरण खरिद र क्यालिब्रेशनमा मूख्य जिम्मेवारीः **निरज कुमार अधिकारी, सुमन कुमार थारु**

३. बीउ दर्ता, परीक्षण, प्रतिवेदन तयारीमा मूख्य जिम्मेवारीः **निरज कु.अधिकारी, सुमन कुमार थारू**

४. बीउ बाली निरीक्षण, प्रमाणीकरण, राजस्व संकलन, विविध प्रशासनिक कार्यः मूख्य जिम्मेवारीः **दिनेश प्रसाद भट्टराई/निरज कुमार अधिकारी/ सुमन कुमार थारू**

| क्र.सं. | कार्यहरू | कार्यहरू | मुख्य जिम्मेबारी | सहायक जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बीउ नमूना दर्ता कक्ष | • बीउ दर्ता<br>• बीउ नमूना चेकजाँच<br>• बीउ नमूना स्याम्पल स्लिप राख्ने<br>• बीउ कार्य नमूना तयारी<br>• शाखामा बुझाउनको लागी रिपोर्ट कार्ड तयारी गरी पेश गर्नु पर्ने ।<br>• कायार्थ नमुना बुझाएको लग बुक राख्नु पर्ने ।<br>• गार्ड नमुनाको लग बुक राख्नु पर्ने ।<br>• नमुना पठाउनेको विवरणको लग बुक राख्नु पर्ने।<br>• बीउ दर्ता किताबमा नमुना विश्लेषण सम्वन्धि नतिजा चढाउने कार्य गर्ने ।<br>• बीउ परिक्षणको विवरण तयार गर्ने ।<br>• नमुनाहरुको सासाहिक/मासिक प्रगति विवरण तयार तथा सासाहिक/मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन तयारीको लागी समयमै तथ्याँक उपलब्ध गराई योजना शाखामा पेश गर्ने ।<br>• डिभाइडर क्यालिब्रेसन<br>• दर्ता कक्षा सरसफाई | निरज कुमार अधिकारी | सुमन कुमार थारु |
| २ | बीउ चिस्यान परीक्षण कक्ष | • ओभनबाट बीउ चिस्यान परीक्षण<br>• मोइस्चर मिटरबाट चिस्यान परीक्षण<br>• मोइस्चर मिटर क्यालिब्रेसन<br>• फाइप पोइन्ट चेक<br>• ग्राइन्डर तातोपना चेक | दिनेश प्रसाद भट्टराई | निरज कुमार अधिकारी /सुमन कुमार थारु |

| क.सं. | कार्यहरू | कार्यहरू | मूख्य जिम्मेबारी | सहायक जिम्मेवारी |
|---|---|---|---|---|
| | | • कक्ष सरसफाई<br>• चिस्यान रजिस्टर अपडेट | | |
| ३ | बीउ शुद्धता परीक्षण कक्ष | • रजिस्टर अपडेट<br>• दैनिक ब्यालेन्स चेकजाँच<br>• ब्यालेन्स क्यालिब्रेसन<br>• Analysis card update and fill up<br>• Purity work<br>• Initial weight check<br>• Final weight check<br>• Percent check<br>• Other seed determination<br>• Weed seed maintain<br>• Weed seed collection and identification<br>• Seed museum maintain | दिनेश प्रसाद भट्टराई | निरज कुमार अधिकारी/सुमन कुमार थारु |
| ४ | Seed Germination Unit | • Seed germination test<br>• Seed germination test manual maintain<br>• Regular Seed germination chamber check up<br>• Daily -twice temperature/RH record<br>• seed treatment and putting<br>• seed germination analysis<br>• seed germination test card maintain<br>• register maintain<br>• Inform for chief about condition of equipment and seed germination chamber<br>• Quality testing of germination paper<br>• Quality testing of water | दिनेश प्रसाद भट्टराई | निरज कुमार अधिकारी/सुमन कुमार थारु |
| ५ | Seed Sampling unit | • Preparation for sampling materials<br>• Sampling plan preparation<br>• Sampling of seed for certification and other purposes<br>• Preparation of cross check sample<br>• Reporting | निरज कुमार अधिकारी | सुमन कुमार थारु |
| ६ | Seed certification unit | • Preparation for certification plan<br>• Record maintain of certified seed<br>• Inform to SQCC for tag | दिनेश प्रसाद भट्टराई | निरज कु.अधिकारी |
| ७ | Reporting and document maintain unit | • Timely reporting and inform to chief about report<br>• Document maintain<br>• Online reporting | निरज कु.अधिकारी | सुमन कुमार थारु |

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

| क.सं. | कार्यहरू | कार्यहरू | मूख्य जिम्मेबारी | सहायक जिम्मेवारी |
|---|---|---|---|---|
| ८ | Field inspection unit | • Regular checkup prior inform record<br>• Preparation of field inspection plan<br>• Timely field inspection and reporting<br>• Training<br>• Coordination to other organizations<br>• Customer satisfaction survey and Timely response to seed entrepreneurs<br>• Record maintain | दिनेश प्रसाद भट्टराई | निरज कु.अधिकारी |
| ९ | Guard sample storage and disposal | • Timely and safely keeping of seed sample<br>• Maintain seed sample guard chamber<br>• Record keeping<br>• Disposal of storage and record keeping | निरज कु.अधिकारी | सुमन कुमार थारु |
| १० | Administration unit and account unit | • Preparation of procurement plan<br>• Record keeping<br>• Administration work<br>• Account keeping and timely payment<br>• Audit<br>• Management review meeting<br>• Daily, Weekly and monthly meeting | निरज कुमार अधिकारी | सुमन कुमार थारु |

सरसफाईः कर्मु चौधरी, बिशाल चौधरी , प्रकाश खत्री
बगैंचा व्यवस्थापनः कुर्मु चौधरी/ बिशाल चौधरी
सवारी चालक र गाडी व्यवस्थापनः प्रकाश खत्री
प्राविधिक कार्यमा सहयोग तथा सरसफाईमा सहयोगः बिभिन्न प्राविधिक शिक्षालयबाट आएका प्राविधिक ओ जे टीहरू

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| क.स. | सेवाको प्रकृति | सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क/ दस्तुर(रुपैया) | लाग्ने समय अवधि (न्युनतम) |
|---|---|---|---|---|
| १ | बीउ बाली खेत निरीक्षण | बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ को अनुसूचि ४ अनुसारको पुर्व जानकारी फारम | ३२०/- प्रति हेक्टर | खडा बाली अवधिसम्म |
| २ | सुचित भएका बीउ बिजनहरुको जानकारी उपलब्ध गराउने | निवेदन | निशुल्क | १ दिन |
| ३ | बीउ उत्पादक, कृषक, व्यवसायीहरु तथा प्राविधिकहरुलाई बीउ बिजन सम्वन्धी तालिम दिने | सहभागीहरुको विवरण सहित तालिमको माग गरिएको निवेदन | निशुल्क | वार्षिक कार्यक्रम अनुसार |

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

| क्र.स. | सेवाको प्रकृति | सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क/ दस्तुर(रुपैया) | लाग्ने समय अवधि (न्युनतम) |
|---|---|---|---|---|
| ४ | बीउमा संकेत पत्र (ट्याग) जारी गर्ने | बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ अनुसार बीउ बाली खेत निरीक्षण गरेको फाराम र बीउ परीक्षण प्रतिवेदन | १००/- प्रति मेट्रिक टन | प्रशोधित बीउ थैलाबन्दी अवस्था |
| ५ | बीउ परीक्षणको लागि बीउ नमूना संकलन गर्ने | निवेदन | २१४/- प्रति नमूना | ३० दिन |
| ६ | बीउ बिजन परीक्षण<br>• सम्पूर्ण परीक्षण (उमारशक्ति, भौतिक शुद्धता र चिस्यान)<br>• उमारशक्ति परीक्षण<br>• शुद्धता परीक्षण<br>• चिस्यान परीक्षण<br>• जीवितपना परीक्षण<br>• १००० वा १०० दाना तौल परीक्षण | बीउ बिजनको नमूना संकलन कार्यविधि, २०७३ को अनुसूचि ३ अनुसारको नमूना विवरण फारम सहित निवेदन र बीउ नमूना | प्रति नमूना<br>५५८/-<br>२३०/-<br>१७४/-<br>१५४/-<br>२८९/-<br>११०/- | (बाली अनुसार)<br>३० दिन<br>३० दिन<br>७ दिन<br>७ दिन<br>७ दिन<br>२ दिन |
| ७ | प्रकाशन सामाग्री उपलब्ध गराउने | निवेदन | निशुल्क वा सामाग्री मूल्य अनुसार | मौज्दातमा भए तत्काल |

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सेवाग्राहीले पुर्याउनु पर्ने तोकिएको प्रक्रिया र पेश गर्नुपर्ने कागजात पेश गरे पश्चात कार्यालय प्रमुखको आदेश अनुसार सम्वन्धित शाखाबाट सिफारिस भई निर्णय भई सम्वन्धीत शाखाको जिम्मेवार कर्मचारीबाट तोकिएको समयावधी भित्र सेवा लिन सकिने छ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

कार्यालयबाट संचालन भएका सेवाहरुको निर्णयको सम्वन्धमा गुनासो सुन्ने अधिकारी मार्फत कार्यालय प्रमुख समक्ष गुनासो गर्न सकिने छ ।

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

९. सम्पादन गरेको कामको विवरणः

९.१ संचालित कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धीहरु (मुख्य कार्यक्रम)

भौतिक प्रगति (आ.व. २०८२/८३ तेस्रो त्रैमासिक सम्मको)

| क.सं. | कार्य विवरण | एकाइ | लक्ष्य/प्रगती सूचक | चैत्र महिना सम्मको प्रगती परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | | | | |
| १.१ | ब्रोसर/फ्लेक्स प्रिन्ट/बुकलेट/ पम्पलेट/ पुस्तिका प्रकाशन तथा वितरण | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| १.२ | बीउ बिजन गुणस्तर सम्बन्धी ३ दिने तालिम | पटक | लक्ष्य | २ | |
| | | | प्रगति | २ | |
| | | | प्रतिशत | १०० | |
| १.३ | बीउ बिजन गुणस्तर नियन्त्रण सम्वन्धी १ दिने स्थलगत घुम्ती कृषक तालिम | पटक | लक्ष्य | १० | |
| | | | प्रगति | ८ | |
| | | | प्रतिशत | ८० | |
| १.४ | बीउ उत्पादक कृषक, व्यवसायी तथा अन्य सरोकारवाला बीच अन्तरकृया गोष्ठी | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| १.५ | विभिन्न प्रयोगशालासँग अनुभव आदान प्रदान तथा नमुनाको क्रस चेक परीक्षण (गुणस्तर परीक्षण) | पटक | लक्ष्य | ४ | |
| | | | प्रगति | ३ | |
| | | | प्रतिशत | ७५ | |
| १.६ | प्रयोगशालाको आन्तरिक अडिट गर्ने तथा उपकरणको क्यालिब्रेशन गर्ने | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | ० | |
| | | | प्रतिशत | ० | |
| १.७ | बीउ बाली खेत निरीक्षण (हेक्टर) | पटक | लक्ष्य | ४ | |
| | | | प्रगति | ४ | |
| | | | प्रतिशत | १०० | |
| १.८ | बीउ नमुना परीक्षण (परीक्षणको प्रतिवेदनका लागि सामाग्री) | संख्या | लक्ष्य | ७०० | |
| | | | प्रगति | ७०८ | |
| | | | प्रतिशत | १०१.१४ | |
| १.९ | बीउ भण्डारण निरीक्षण | पटक | लक्ष्य | ४ | |
| | | | प्रगति | ४ | |
| | | | प्रतिशत | १०० | |
| १.१० | प्रयोगशालाका लागी आवश्यक सामाग्रीहरु नमुना संकलन/गार्ड सेम्पलका लागी कपडाको थैला/गाउन/ पि पि ई/गम्बुट लगायत अन्य सेफ्टी मेजरका उपकरण तथा सामग्रीहरु | पटक | लक्ष्य | २ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | ५० | |
| १.११ | रेफ्री नमुना परीक्षण (संख्या) | पटक | लक्ष्य | ४ | |



दिनेश प्रसाद भट्टराई
कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रगति | ३ | |
| | | | प्रतिशत | ७५ | |
| १.१२ | बीउ प्रमाणिकरण | मे.ट. | लक्ष्य | २०० | |
| | | | प्रगति | २६७.९९२ | |
| | | | प्रतिशत | १३३.९९ | |
| १.१३ | बीउ नमुना संकलन | पटक | लक्ष्य | ५०० | |
| | | | प्रगति | ६५८ | |
| | | | प्रतिशत | १३१.६ | |
| १.१४ | बीउ बजार/एग्रोभेट/बीउ व्यवसायीहरुको अनुगमन निरीक्षण | पटक | लक्ष्य | ४ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | २५ | |
| १.१५ | वार्षिक प्रगती तथा तथ्याङ्क पुस्तिका प्रकाशन | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| १.१६ | कृषि स्नातक इन्टर्न परिचालन | जना | लक्ष्य | १ | |
| | | | प्रगति | ० | |
| | | | प्रतिशत | ० | |
| १.१७ | आमसञ्चार तथा सामाजिक सञ्जालका माध्यमबाट सन्देशमूलक सूचना प्रचार प्रसार | पटक | लक्ष्य | ४ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | २५ | |
| २ | कृषि प्रयोगशालाहरू | | | | |
| | पुँजीगत कार्यक्रमहरु | | | | |
| २.१ | कार्यालय भवनको छतमा टिनको ट्रस निर्माण तथा अन्य मर्मत | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.२ | कार्यालयको लागि फर्निचर खरिद | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.३ | कार्यालयमा विद्युतिकरण सुधारको लागि पुनः वायरिङ | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.४ | जर्मिनेशन चेम्वर तथा गार्ड स्याम्पल राख्रको लागि पूर्वधार निर्माण | पटक | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.५ | ल्यापटप खरिद | संख्या | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.६ | मोइस्चर मिटर खरिद | संख्या | लक्ष्य | १ | |
| | | | प्रगति | १ | |
| | | | प्रतिशत | १०० | |
| २.७ | स्टेविलाइजर | संख्या | लक्ष्य | ३ | |



दिनेश प्रसाद भट्टराई
कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | प्रगति | ३ |
| | | | प्रतिशत | १०० |
| २.८ | हेण्डपाइप जडान | पटक | लक्ष्य | १ |
| | | | प्रगति | १ |
| | | | प्रतिशत | १०० |
| ३ | **कृषि विभाग (संघ सशर्त)** | | | |
| ३.१ | DESES कार्यान्वयनका लागि प्रादेशिक बीउ बिजन प्रयोगशालालाई सहजिकरण सहयोग (बीउ बिजन प्रयोगशाला) | पटक | लक्ष्य | १ |
| | | | प्रगति | १ |
| | | | प्रतिशत | १०० |
| ३.२ | DESES कार्यान्वयन (उन्नत बीउको खेत निरीक्षण, बीउ विश्लेषण तथा लट प्रमाणिकरणका) लागि बीउ बिजन प्रयोगशालामा प्राविधिक (JT/JTA -२) करार सहयोग (बीउ बिजन प्रयोगशाला) | पटक | लक्ष्य | १ |
| | | | प्रगति | १ |
| | | | प्रतिशत | १०० |
| ३.३ | कृषि बिभासंगको समन्वयमा बीउ अनुदानमा संघिय शशर्त कार्यक्रम लागु भएका स्थानिय तहहरुलाइ बीउ बिजन उत्पादनआपुर्ती तथा व्यवस्थापन निर्देशिका २०७८ तथा बिद्युतिय बीउ बिजन प्रणाली DESES सम्वन्धी अभिमुखिकरण | पटक | लक्ष्य | १ |
| | | | प्रगति | १ |
| | | | प्रतिशत | १०० |
| ३.४ | बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको समन्वयमा बीउ उत्पादकहरुलाई DESES सम्वन्धी तालिम | पटक | लक्ष्य | १ |
| | | | प्रगति | ० |
| | | | प्रतिशत | ० |

## ९.२ संचालित कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धीहरु (कृषक-तालिम कार्यक्रम)

| तालिमकोनाम | तालिमकोउद्देश्य | सहभागी संख्या | उपलब्धी |
|---|---|---|---|
| वीउ विजन गुणस्तर नियन्त्रण सम्वन्धि १ दिने स्थलगत घुम्ति कृषक तालिम | बीउ उत्पादकहरुलाई बीउको गुणस्तर सुधारको लागी प्राविधिक तथानितिगत सहजीकरण मार्फत क्षमता अभिवृद्धि गराउने | १९७ | बीउबिजन गुणस्तर नियन्त्रण सम्वन्धी ८४जना बीउ व्यावसायी /कृषकहरुलाईबीउ उत्पादन, प्रशोधन तथा वजारीकरण सम्वन्धीजानकारीद्धारा कृषकहरुको क्षमता अभिवृद्धि भएको । |
| बीउ विजन गुणस्तर नियन्त्रण सम्वन्धी ३ दिने तालिम | बीउ उत्पादक कृषकहरुलाइ गुणस्तरियबीउ उत्पादन प्रविधि तथा बीउ प्रमाणिकरण प्रकृया र बीउबिक्रि वितरण सम्वन्धी जानकारी गराई बीउबिक्रि वितरण ईजाजत पत्र प्रदान गर्न योग्य बनाउने | ४९ | ४९जना बीउ व्यवसायीहरुलाई बीउ बिक्रि वितरणको लागी ईजाजतपत्र प्रास गर्नेप्रयोजनको लागी योग्य भएको। र |
| बीउ उत्पादक कृषक तथा बीउ व्यवसायीहरुसंग अन्तरक्रिया गोष्ठी | बीउ उत्पादक कृषकहरुलाइ गुणस्तरियबीउ उत्पादन प्रविधि तथा बीउ प्रमाणिकरण प्रकृया र बीउबिक्रि वितरण सम्वन्धी जानकारी गराई बीउबिक्रि वितरण ईजाजत पत्र प्रदान गर्न योग्य बनाउने | ५३ | ४९ जना बीउ व्यवसायीहरुलाई बीउ बिक्रि वितरणको लागी ईजाजतपत्र प्रास गर्नेप्रयोजनको लागी योग्य भएको। र |
| | | २९९ | |



दिनेश प्रसाद भट्टराई
कार्यालय प्रमुख

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

सुचना अधिकारी:प्राविधिक अधिकृत (अधिकृतस्तर छैठौं) श्री निरज कुमार अधिकारी , सम्पर्क मोवाइल नं.९८५८०४४२३४ नि.कार्यालय प्रमुखःबाली विकास अधिकृत(सातौं) श्री दिनेश प्रसाद भट्टराई,सम्पर्क मोवाइल नं.९८५८०४०२३४ वेवसाइटः seedlabkhajura.lumbini.gov.np रहेको छ । साथै तालुक कार्यालय/कृषि विकास निर्देशनालय, रुपन्देहीको सम्पर्क फोन नम्वर ........................................रहेको छ ।

११. ऐन नियम विनियम वा निर्देशिकाको सुचिः

- राष्ट्रिय बीउ विजन नीति, २०५६
- बीउ विजनको दीर्घकालिन सोच (सन् २०१३-२०२५)
- बीउ विजन ऐन, २०४५
- बीउ विजन नियमावली, २०६९
- बीउ विजन नियमावली, २०८१
- कृषि विकास रणनीति (ADS) (सन् २०१५-२०३५)
- लुम्विनी प्रदेशको बीउ बिजन ऐन, २०७५
- बाली निरीक्षक, बीउ विजन नमुना संकलक तथा बीउ विजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्वन्धी निर्देशिका, २०७३
- निजी क्षेत्रमा बीउ विजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३
- जफत गरिएको बीउ विजन मूल्यांकन तथा नष्ट गर्ने निर्देशिका, २०७३
- बीउ विजनको प्रयोगबाट हुने हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धि निर्देशिका, २०७३
- बीउ विजनको नमूना संकलन गर्ने कार्यविधि, २०७३
- बीउ विजन अनुमोदन, उनमोचन र दर्ता सम्बन्धि निर्देशिका, २०७३
- बीउ विजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३
- शीघ्र प्रशारण तथा अनुशरणका लागि पूर्व उन्मोचित जातहरुको बीउ उत्पादन सम्बन्धी प्रस्तावना,२०७३
- बीउ विजन प्रमाणिकरण निर्देशिका, २०७४
- बीउ विजन परीक्षण प्रयोगशाला संचालन निर्देशिका, २०७४
- बीउ विजन परीक्षण निर्देशिका, २०७४
- बीउ विजन उत्पादनको प्रविधिक परीक्षण निर्देशिका, २०७५
- बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरणः

१२.१ राजस्व संकलन विवरणः

| सि.नं. | विवरण | गैरकर राजस्व (रु. हजारमा) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रोत्रैमासिक | तेस्रोत्रैमासिक | चौथो त्रैमासिक | जम्मा | |
| १ | बीउ बाली निरीक्षण/नमुना संकलन बीउ परीक्षण/प्रमाणीकरण | ४५९.६३६ | ३२३.९३८ | ३४६.६३१ | १०१.९९ | १२३२.१९५ | |
| जम्मा | | ४५९.६३६ | ३२३.९३८ | ३४६.६३१ | १०१.९९ | १२३२.१९५ | |



दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

१२.२ खर्च विवरणःबजेट(रु.हजारमा)

| | कार्यक्रम/आयोजनाको नाम | विनियोजितबजेट (रु. हजारमा) | | | | | कुल खर्च रकम (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बार्षिक | प्र.त्रै. | दो.त्रै | ते.त्रै. | चौ.त्रै | प्र.त्रै. | दो.त्रै | ते.त्रै. | चौ.त्रै | हाल स.खर्च |
| ३१२ ००० १२३ | कृषि तथा पशुपन्छी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | २५६० | ८२६ | ७६६ | ५१६ | ४५२ | ३३९.८३८ | ७४५.३९१ | १९७.८२५ | ३३७.७२२ | १६२०.७७६ |
| ३१२ ००१ ३३/ १३४ | पुजिगत /चालु कार्यक्रमहरु | १७३११ | ४०३७ | ७८७८ | २९४५ | २४५१ | २४७०.५३८ | २६२०.२०० | १२९४.०६ | ४६२२.३८५ | ११००७.१८६ |
| जम्मा | | १९८७१ | ४८६३ | ८६४४ | ३४६१ | २९०३ | २८१०.३७६ | ३३६५.५९१ | १४९१.८८५ | ४६६०.१०७ | १२६२७.९६२ |
| ३१२ ९१२ ४३ | कृषि विभाग संघ ससर्त कार्यक्रम | ११०० | ३९९ | ३९९ | १५० | १५२ | १०४.१९० | १०४.१९० | ४२६.७४० | ६९.४२९ | ७०४.५४९ |
| जम्मा रु. | | २०९७१ | ५२६५ | ९०४३ | ३६११ | ३०५५ | २९१४.५६६ | ३४६९.७८१ | १९१८.६२५ | ४७२९.५३६ | १३३३२.५११ |
| | | | | | | | | | | | |

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख

१३. अन्य विवरणः

१३.१ संस्थाको किसिम अनुसार बीउ बाली खेत निरीक्षण विवरण

कृषि तथा पशुपक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
बीउ विजन प्रयोगशाला
खजुरा, बाँके

| बालीको नाम | वीउको स्तर | निजी क्षेत्र/कम्पनी | समुह | सहकारी | सरकारी फर्म | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| धान | मूलबीउ हे. | १३.६० | ०.०० | ८.६१ | १४.५० | ३६.७१ | |
| | प्रमाणित बीउ हे. | १२१.४१ | ०.०० | १०७.४८ | २५.५० | २५४.३९ | |
| | उन्नत बीउ हे. | ७५.०३ | ११.९६ | ३७३.५२ | ८०.४० | ५४०.९१ | |
| | जम्मा हे. | २१०.०४ | ११.९६ | ४८९.६१ | १२०.४ | ८३२.०१ | |
| मकै | मूलबीउ हे. | ०.०० | ०.०० | ११.१८ | ०.०० | ११.१८ | |
| | प्रमाणित बीउ हे. | ०.०० | ०.०० | १४.९१ | ०.०० | १४.९१ | |
| | उन्नत बीउ हे. | १२.०० | १६.०० | १२.१३ | ०.०० | ४०.१३ | |
| | जम्मा हे. | १२.०० | १६.०० | ३८.२२ | ०.०० | ६६.२२ | |
| तेलहन | मूलबीउ हे. | ०.७० | ०.०० | ०.४७० | १.०० | २.१७ | |
| | प्रमाणित बीउ हे. | ०.३३ | ०.०० | १७.९५ | ०.०० | १८.२८ | |
| | उन्नत बीउ हे. | १.६६ | १.४६ | ३३.११ | ०.०० | ३६.२३ | |
| | जम्मा हे. | २.६९ | १.४६ | ५१.५३ | १.०० | ५६.६८ | |
| दलहन | मूलबीउ हे. | ०.०० | ०.०० | ९.५४ | ०.०० | ९.५४ | |
| | प्रमाणित बीउ हे. | २.४० | ०.०० | ०.०० | ०.०० | २.४० | |
| | उन्नत बीउ हे. | ३.७३ | ०.०० | ३.१० | २.२३ | ९.०६ | |
| | जम्मा हे. | ६.१३ | ०.०० | १२.६४ | ०.०० | २१ | |
| गंहु | मूलबीउ हे. | ११.६० | ०.०० | ११.०३ | १२.३० | ३४.९३ | |
| | प्रमाणितबीउ हे. | ९९.९१ | ०.०० | ४६.२४ | ३७.६५ | १८३.८ | |
| | उन्नतबीउ हे. | २२१.७२ | १९.०० | १६८.७४ | ६२.६३ | ४७२.०९ | |
| | जम्माहे. | ३३३.२३ | १९.०० | २२६.०१ | ११२.५८ | ६९०.८२ | |
| कुल जम्मा | मूलबीउ हे. | २५.९० | ०.०० | ४०.८३ | २७.८० | ९४.५३ | |
| | प्रमाणितबीउ हे. | २२४.०५ | ०.०० | १८६.५८ | ६३.१५ | ४७३.७८ | |
| | उन्नतबीउ हे. | ३१४.१४ | ४८.४२ | ५९०.६० | १४३.०३ | १०९६.१९ | |
| | जम्माहे. | ५६४.०९ | ४८.४२ | ८१८.०१ | २३३.९८ | १६६६.७३ | |

दिनेश प्रसाद भट्टराई
कार्यालय प्रमुख

१३.२ बीउ नमुना परीक्षणः

| क्र.सं. | बालीको नाम | नमूना बीउ विश्लेषण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पूर्ण | उमारशक्ति | शुद्धता | उमारशक्ति र शुद्धता | चिस्यान | उमारशक्ति र चिस्यान | चिस्यान र शुद्धता | जम्मा संख्या |
| १ | धान | २२४ | २५ | २ | - | २९ | १५ | २ | २९७ |
| २ | गहुँ | २५२ | ६ | ११ | | ६ | २ | १ | २७८ |
| ३ | मकै | ४४ | | | | २ | | - | ४६ |
| ४ | तरकारी | १८ | २० | | | | - | - | ३८ |
| ५ | तेलहन | २७ | | | | | - | - | २७ |
| ६ | दलहन | १० | १ | १ | | | - | | १२ |
| ७ | घाँस | ८ | | | | | - | - | ८ |
| ८ | कपास | २ | | | | | - | - | २ |
| | जम्मा | ५८५ | ५२ | १४ | - | ३७ | १७ | ३ | ७०८ |

१३.३ परीक्षण गरिएको बीउको किसिमअनुसार बीउ परीक्षण विवरण

| सेवा मुलक | बीउ भण्डार | ट्यागीङ | बीउ वजार | क्रस चेक | रेफ्रि | जम्मा |
|---|---|---|---|---|---|---|
| ७०८ | - | ९४ | - | ३५ | ९ | ८४६ |

१३.४ बीउ प्रमाणीकरणः

| बाली | स्तर | निजी क्षेत्र/कम्पनी | समुह | संस्थान/सरकारी | सहकारी | जम्मा |
|---|---|---|---|---|---|---|
| धान | मुल बीउ (मे.टन.) | १८.०४० | ०.००० | ५२.४३० | २७.१७० | ९७.६४० |
| | प्रमाणित बीउ (मे.टन.) | ०.००० | ०.००० | ०.००० | ५.२५० | ५.२५० |
| | जम्मा (मे.टन.) | १८.०४० | ०.००० | ५२.४३० | ३२.४२० | १०२.८९० |
| मकै | मुल बीउ (मे.टन.) | ०.००० | ०.००० | ०.५८० | ५.१९० | ५.७७० |
| | प्रमाणित बीउ (मे.टन.) | ०.००० | ०.००० | ०.००० | ०.००० | ०.००० |
| | जम्मा (मे.टन.) | ०.००० | ०.००० | ०.५८० | ५.१९० | ५.७७० |
| गंहु | मुल बीउ (मे.टन.) | २१.२४८ | ०.००० | १७.८०० | ३४.६०० | ७३.६४८ |
| | प्रमाणित बीउ (मे.टन.) | २५.७१९ | ०.००० | २.६४० | ५६.४९० | ८४.८४९ |
| | जम्मा (मे.टन.) | ४६.९६७ | ०.००० | २०.४४० | ९१.०९० | १५८.४९७ |
| दलहन | मुल बीउ (मे.टन.) | ०.०६० | ०.००० | ०.००० | ०.००० | ०.०६० |
| | प्रमाणित बीउ (मे.टन.) | ०.००० | ०.००० | ०.००० | ०.००० | ०.००० |



दिनेश प्रसाद भट्टराई
कार्यालय प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा (मे.टन.) | ०.०६० | ०.००० | ०.००० | ०.००० | ०.०६० |
| तेलहन | मुल बीउ (मे.टन.) | ०.०१० | ०.००० | ०.४३० | ०.३३५ | ०.७७५ |
| | प्रमाणित बीउ (मे.टन.) | ०.००० | ०.००० | ०.००० | ०.००० | ०.००० |
| | जम्मा (मे.टन.) | ०.०१० | ०.००० | ०.४३५ | ०.००० | ०.४३५ |
| कुल जम्मा | मुल बीउ (मे.टन.) | ३९.३५८ | ०.००० | ७१.२४० | ६७.२९५ | १७७.८९३ |
| | प्रमाणित बीउ (मे.टन.) | २५.७१९ | ०.००० | २.६४० | ६१.७४० | ९०.०९९ |
| | जम्मा (मे.टन.) | ६५.०७७ | ०.००० | ७३.८८० | १२९.०३५ | २६७.९९२ |

"गुणस्तरिय बीउ प्रयोग गरौं, कृषि उत्पादनमा बृद्धि गरौं ।"

<u>कृषक तथा बीउ व्यवसायीहरुमा अनुरोधः</u>

१. नेपाल/प्रदेश सरकारबाट सिफारिस तथा सूचित बाली र जातका बीउ बिजनहरुको मात्र उत्पादन तथा प्रयोग गरौं ।
२. बाली, जात, उत्पादन वर्ष, लट नं., उमारशक्ति आदि उल्लेखित बीउ उत्पादन संस्थाको लोगो समेत समावेश गरिएको बोरा, डिब्बा वा प्याकेटमा राम्रोसंग शीलबन्दी भएको बीउ मात्र प्रयोग गरौं ।
३. बीउ प्रमाणीकरण निकाय तथा सम्वन्धित बीउ उत्पादक संस्थाबाट लेबल गरिएका ट्याग तथा यथार्थ संकेतपत्र प्रयोग गरिएका बीउ बिजनहरुको मात्र प्रयोग गर्ने गरौं।
४. नेपाल/प्रदेश सरकारबाट अनुमतिपत्र प्राप्त बीउ बिजन व्यवासायी तथा भरपर्दो श्रोतबाट बीउ खरिद गरी प्रयोग गरौं ।
५. श्रोत बीउ (मूल र प्रमाणित सरह)को सही सदुपयोग गरी यसलाई बीउ उत्पादनका लागि मात्र प्रयोग गरौं । खाद्यान्न उत्पादनका लागि उन्नत स्तरको बीउ प्रयोग गरौं।
६. बीउ विक्रेताले बीउ बिजन ऐन, २०४५(दोस्रो संशोधन,२०७९),बीउबिजन नियमावली, २०८१ र प्रदेश बीउ बिजन ऐन तथा नियमावली २०८१ अनुसार तोकिएका सूचित र गुणस्तरयुक्त बीउ मात्र बिक्री वितरण गरौं ।
७. बीउ प्रमाणीकरण गर्न चाहने ब्यक्ति, संस्था वा निकायले बीउ बाली खेत निरीक्षण सम्बन्धि पूर्व जानकारी फाराम बीउ छरेको/रोपेको एक महिना भित्र बीउबिजन प्रयोगशालामा पठाऔं।
८. बीउलाई लामो समयसम्म जोगाईराख्न बीउको उपयुक्त चिस्यान तथा उचित भण्डारणमा विशेष ध्यान दिने गरौं।
९. बीउको गुणस्तर कायम राख्न बीउ बालीनिरीक्षण, आफ्नो बीउको गुणस्तर थाहा पाउन परीक्षण गर्ने गरौं र ट्याग (लेवल) लगाई बीउ विक्री वितरण गरौं ।
१०.बीउ व्यावसायी तथा उत्पादकहरुले प्रतयेक वर्षको श्रावण महिनाको ७ गते भित्र बार्षिक प्रगति विवरण र माघ ७ गते भित्र अर्धवार्षिक प्रगति विवरण सहित अन्य तोकिएका कागजातहरु अनिवार्य रुपमा पेश गरौ।
११.कृषक पहिचान पुस्तिका/दर्ता पुस्तिका, बीउ लट दर्ता र चलानी रजिष्टर, लटको विवरण लगायतका अन्य सम्पुर्ण विवरण अध्यावधिक गरौ ।
१२.माथि उल्लेखित प्रक्रिया पुरा नभएका गुणस्तरहीन बीउको प्रयोगमा सम्वन्धित कृषक तथा प्रयोगकर्ता जिम्मेवार हुनेछन् भने खरिद तथा बिक्रीमा संलग्न बीउ बिजन व्यवसायीलाई बीउ बिजन ऐन, २०४५ (दोस्रो संशोधन,२०७९) तथा बीउ बिजन नियमावली, २०८१ अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।
१३.विस्तृत जानकारीका लागि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि हेर्ने कार्यालय वा स्थानिय तहको कृषि शाखा वा यस प्रयोगशालाको वेब साईट/फेसबुक पेज/बीउ बिजन सफ्टवेयर वा प्रयोगशालामा सम्पर्क गर्नु हुन अनुरोध छ

बीउ बिजन प्रयोगशाला खजुरा, बाँके
दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख
२०८२/०२/२५

<u>अनुरोधः</u>
बीउ बिजन प्रयोगशाला
खजुरा , बाँके
फोन नं. ०८१-५६०४५०
Email: seedlabkhajura@gmail.com
Wabesite: seedlabkhajura.lumbini.gov.np
Seed System Software: seed.lumbini.gov.np
Facebook page: बीउ बिजन प्रयोगशाला खजुरा बाँके